# डुङ्गेश्वर गाउँपालिका डाँडापराजुल दैलेखको
# तेह्रौं गाउँसभामा

गाउँपालिकाका अध्यक्ष एवं श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति संयोजक

## श्री सुन्दर कुमार के.सी.ज्यूबाट प्रस्तुत गरिएको

# आ.व. २०८०/०८१ को **वार्षिक नीति तथा कार्यक्रम**

**पेश मितिः** २०८०।०३।१०

**पारीत मितिः**२०८०।०३।१०

**हस्ताक्षर**

प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य माननीय श्री अम्मर बहादुर थापा ज्यू,
विशेष अतिथि प्रतिनिधि सभा सदस्य माननीय श्री दिपा शर्मा ज्यू,
विशेष अतिथि कर्णाली प्रदेश सरकारका उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री कृष्ण कुमार बि.सी. ज्यू,
विशेष अतिथि कर्णाली प्रदेश सभा सदस्य माननीय श्री पूर्णबहादुर खत्री (चालिसे) ज्यू,
जिल्ला समन्वय समिति दैलेखका प्रमुख श्री नमराज शाही ज्यू,
डुङ्गेश्वर गाउँपालिकाका पूर्व अध्यक्ष ज्यू,
गाउँसभाका उपाध्यक्ष,ज्यू,
डुङ्गेश्वर गाउँपालिका पूर्व उपाध्यक्ष ज्यू,
गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
डुङ्गेश्वर गाउँपालिका पूर्व वडा अध्यक्ष ज्यूहरु,
सबै राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,
सबै कर्मचारी ज्यूहरु,
सरकारी तथा गैरसरकारी संघसँस्थाका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु,
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापक ज्यूहरु,
सञ्चारकर्मी तथा पत्रकारहरू,
अन्य उपस्थित महानुभावहरू,

लामो समयसम्म एकात्मक र केन्द्रिकृत शासन व्यवस्था अंगालेको नेपालले संविधान सभाबाट संविधान निर्माण गरेपछि उक्त संविधानले नेपाललाई संघीय संरचनामा रुपान्तर गरी नेपालको शासकीय संरचना संघ, प्रदेश र स्थानीय तहमा विभक्त गरेको छ। नेपाललाई एकात्मक शासन व्यवस्था देखी हाल सम्मको अवस्थामा ल्याई पु-याउन नेपाली जनताले गरेको त्याग, संघर्ष र बलिदान र समर्पणलाई यहाँ जति व्याख्या गरेपनी कमी नै हुन्छ। मानव अधिकारको रक्षा, बालिग मताधिकार, आवधिक निर्वाचन लोकतन्त्रिक शासन प्रणालीका महत्वपूर्ण आधारशिला हुन। यही बालिग मताधिकारको प्रयोग गरी आवधिक निर्वाचन मार्फत हामी निर्वाचित भई आज हामी डुङ्गेश्वर गाउँपालिकाको १३ औं गाउँसभाबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौं । डुङ्गेश्वर गाउँपालिकाको भाग्य र भविष्य कोर्ने महत्वपूर्ण जिम्मेवारी हाम्रो काँधमा आइपरेको छ । यस जिम्मेवारीलाई अवसरको रुपमा लिई उक्त जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्ने दृढता सहित यस गरिमामय गाउँसभामा गाउँपालिकाको अध्यक्षकाे हैसियतले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई निकै भाग्यशाली र गौरवान्वित भएको महसुस गरेको छु। नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा अपाङ्गता भएका एवम् वेपत्ता पारिएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु। डुङ्गेश्वर गाउँपालिकाको हाल सम्मको राजनीतिक, सामाजिक, आर्थिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनितिक दल, पूर्व जनप्रतिनिधी ज्यूहरु, नागरिक समाज, आम नेपाली जनताहरूप्रति आभार व्यक्त गर्दछु। डुङ्गेश्वर गाउँपालिकाको

समग्र विकास, शासन र सेवा प्रवाहको स्थितिलाई मजवुद बनाउन हिजोका दिनहरुमा अटुट मेहेनत गरी डुङ्गेश्वर गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि सहकार्य गर्नु हुने विभिन्न संघीय तथा प्रादेशिक निकाय, सम्पूर्ण सरकारी निकाय, गैर सरकारी संघसंस्था लगाएत सबै साझेदार निकायहरुलाई हार्दिक कृतज्ञता प्रकट गर्दछु । हामी निर्वाचित भएपछी पहिलोपटक गत आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तय गरी कार्यान्वयन गरेका छौं । यो एक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनले हामीलाई धेरै कुरामा मार्गदर्शन गरेको छ । गत विगतका वर्षहरुमा हामीले अनुभव गरेका सिकाई, नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनमा देखिएका समस्या र ति समस्यालाई समाधान गर्दा भोगेका चुनौतीबाट हामीलाई ठूलो व्यवहारिक ज्ञान मिलेको छ । हामीले डुङ्गेश्वर गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमालाई सकेसम्म वस्ती स्तरमा पुर्‍याउने कोशिस गरेका छौं । यसका लागि हामीले प्रत्येक वडा कार्यालयलाई वस्ती स्तरमा गई योजना छनौट गर्न निर्देशन दिएका थियौं । योजना तर्जुमा र नीति तथा कार्यक्रमलाई अधिकाधिक सहभागितामूलक समय सापेक्ष र नागरिकमुखी बनाउन र सबै वर्गलाई शासन विकास र सेवा प्रवाहको मूलधारमा समाहित गर्न हामीले विभिन्न माध्ययम तथा सर्वपक्षिय र सर्वदलिय अन्तरक्रिया मार्फत राय सल्लाह सुझाव र परामर्श लिएका छौं । यसरी हामीलाई विभिन्न माध्ययमबाट प्राप्त भएका राय सल्लाह सुझावहरुलाई समेत मार्गदर्शनका रुपमा लिएका छौं ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धी संझौताहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपालको पन्ध्रौ योजनाका लक्ष्य तथा उद्देश्यहरू, डुङ्गेश्वर गाउँपालिकाको पञ्चवर्षिय योजना, विभिन्न विषयगत समितिका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, गाउँपालिकाले विभिन्न क्षेत्रका बौद्धिक वर्गहरु तथा सर्वदलीय तथा सर्वपक्षिय अन्तरक्रिया कार्यक्रमबाट लिएको सल्लाह सुझाब र गाउँसभाका सदस्यहरुले दिनुभएका सुझावहरुलाई समेत मार्गदर्शनको रुपमा लिएको छु । गाउँपालिकाले गरेको सार्वजनीक आव्हान अनुसार विभिन्न राजनीतिक दल, संघ संस्था, विद्वानवर्ग र गाउँपालिकाभित्र र बाहिर रहनु भएका दिदी—बहिनी, दाजु—भाइहरुबाट प्राप्त सकारात्मक र रचनात्मक सुझाबहरुलाई समेत विशेष ध्यान दिएको छु ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको डुङ्गेश्वर गाउँपालिकाको स्थानीय सरकार हाम्रो आवश्यक्ताका आधारमा डुङ्गेश्वर गाउँपालिकालाई आबश्यक पर्ने नीति तथा कानूनको निर्माण गर्दै डुङ्गेश्वरबासीको सर्वोपरी हितका लागि मागमा आधारीत योजना छनौट देखि समयमै कार्यान्वयन र अनुगमनका साथै उचित मूल्याङ्कन गरि कार्य सम्पादन गर्ने कुरामा प्रतिवद्ध छ । गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्दा निम्न कुराहरूलाई विशेष रूपमा ध्यानमा राखिएको छ ।

- डुङ्गेश्वर गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाउने कार्यका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयनमा जोड दिइनेछ ।

- कृषिमा व्यवसायिकरण गरी कृषकको जीवनस्तर सुधार गर्न “एकीकृत कृषि विकास कार्यक्रम” लागू गरिनेछ ।
- एक वडा एक गौरबको योजनालाई प्राथगमिकता दिई कार्यान्वयन गरिनेछ ।
- अध्यक्ष कोषलाई क्रमशः वृद्धि गरि प्रभावकारी बनाइनेछ ।
- एक वा एकभन्दा बढि वडा साथै छिमेकी पालिकाहरु जोडने योजनाहरुलाई सञ्चालन गर्न पहल गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको वडा नं १ लाई औद्योगिक नगरी वडा नं २ लाई पर्यटन वडा नं ३ लाई कृषि तथा पशुपालन वडा नं ४ लाई शैक्षिक नगरी र वडा नं ५ लाई शासन केन्द्र वडा नं ६ लाई व्यापारिक हबको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैर सरकारी संस्थाहरूका लागि वाह्य लगानी मैत्री वातावरण सिर्जना गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि सबै क्षेत्र, समुदाय, वर्ग, लिंग आदिको आत्म सम्मान हुने खालको वातावरण सिर्जना गरिने छ ।
- पालिकाको सबै वस्तीहरुमा क्रमशः विद्युत विस्तार गरि “उज्यालो डुङ्गेश्वर अभियान”लाई सार्थकता दिइनेछ ।
- “एक घर एक धारा”, “पूर्ण सरसफाई उन्मुख पालिका” घोषणा अभियान सफल वनाउन विविध गतिविधीहरु संचालन गरिनेछ ।
- फुसको छाना मुक्त घर वनाउने अभियानलाई पूर्णता दिन विगतका आर्थिक वर्षहरुमा पहिलो किस्ता वापत रकम बुझि हालसम्म निर्माण कार्य नसकेका लाभग्राहीहरुसँगको सम्झौता भंग गरी पेश्की वापतको रकम सरकारी बाँकी सरह असुल गर्ने र आगामी आर्थिक वर्ष नया लाभग्राही छनोट गरी “सुरक्षित नागरिक आवास कार्यक्रम” लाई निरन्तरता दिईने छ ।
- सिमित स्रोतवाट अधिकतम प्रतिफल प्राप्तिका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसंग साझेदारी रूपमा गरिने कार्यलाई विशेष प्राथकितामा राखिनेछ ।
- मदन आश्रित स्मृति प्रतिष्ठान लगायत अन्य प्रतिष्ठानहरुको प्रारम्भिक पूर्वाधार तयार गर्न पहल गरिनेछ ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरुको एकल तथा साझेदारी सहयोगबाट सञ्चालन हुने आयोजनाहरु समन्वय सहकार्य गरि एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ ।

### सम्पूर्ण गाँउ सभाका सदस्य ज्यूहरू,

डुङ्गेश्वर गाउँपालिकालाई विकासको माध्यमवाट “समृद्ध गाउँपालिका र सुखी डुङ्गेश्वरवासी” वनाउन "सुशासन कृषि पर्यटन र पूर्वाधार डुङ्गेश्वर समृद्धिको मूल आधार" भन्ने नाराका साथ हामी अघि बढिरहेका छौं । नागरिक सन्तुष्टि सहितको समृद्धि कायम गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी हो । यस दायित्वको वोध गर्दै

गाउँपालिका वासीले विश्वासका साथ प्रदान गरेको अमुल्य मतदानवाट प्राप्त जिम्मेवारी प्रति म सधै सचेत छु। गाउँगाउँमा स्थानीय सरकार आएपश्चात मतदाताहरूमा विकासको अपेक्षा धेरै छ । तर ज्यादै न्यून आन्तरिक आम्दानी हुँदा संघ र प्रदेशकै अनुदानमा निर्भर रहनु हाम्रो रहर नभै बाध्यता हो । स्रोत र साधनको सिमितताको कारण जनताका सवै विकासका अपेक्षाहरू एकै पटक पुरा गर्न कठिन छ ।यसर्थ आवश्यकताको प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सीमितताका बीचबाट विकासको बाटो पहिल्याउने मुल उद्देश्य सहित यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। विगतका वर्ष जस्तै गरेर डुङ्गेश्वर गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस पटक पनि देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१.नेपालको संविधानमा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारहरुको सूची,
२.नेपालको संविधानमा उल्लेखित मौलिक हकहरू,
३.स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म तथा उद्देश्य,
४.नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
५.संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू
६.संघीय सरकारले अवलम्वन गरको आर्थिक तथा वित्तीय नीतिहरू,
७.नेपालले अन्ूतराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरू,
८.संघीय सरकारका क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरू,
९.नेपालले लिएका दीगो विकास लक्ष्यहरू,
१०.गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिले अवलम्वन गरेका नीतिहरू,
११.जनताका तत्कालिन आवश्यकता र आवश्यक देखिएका अन्य विषयहरू

**गाउँ सभाका सदस्य ज्यूहरू,**

अव म यस गरिमामय गाउँ सभामा क्षेत्रगत रुपमा आ.व. २०८०/०८१ को डुङ्गेश्वर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## क) आर्थिक विकास

### १) कृषी तथा पशुपंक्षी

- तरकारी खेती, पशुपंक्षीपालन तथा बागबानीको समग्र विकासका लागि “एकीकृत कृषी विकास कार्यक्रम” को कार्यविधि तर्जुमा गरि लागू गरिने छ ।
- कृषिको आधुनिकीकरण, यान्त्रीकिकरण र ब्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धिमा जोड दिइने छ ।
- कृषी उत्पादनलाई स्थानीय स्तरमै खपत गर्न चुप्रा,डुङ्गेश्वर र देउलीबजार, डाँडापराजुल, अवलपराजुल र हनेटामा कृषि हाटबजार संचालन गरिनुका साथै विद्यालयस्तरीय दिवा खाजा कार्यक्रममा पत्रुखाना (जङ्क फूड) पूर्ण रुपमा निषेध गरी स्थानीय स्तरमै उपलब्ध खाद्यान्नलाई अनिवार्य गरिनेछ ।

- रैथानेबालीको संरक्षण गर्न आवश्यक रणनीति तय गरी लागू गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिकामा कृषी विउ केन्द्रको स्थापना गरी वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि तयार गरि लागू गरिनेछ ।
- कृषि व्यवसायमा जोखिम न्यूनीकरण गर्न कृषी वीमालाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाभित्र रहेका बैंक, वित्तिय संस्था तथा सहकारी मार्फत सुलभ कृषी ऋणको व्यवस्था मिलाईनेछ ।
- किसानका लागि आवश्यक मल, विउ, विषादी, कृषी औजार र विज्ञको सेवा उपलब्धताको सुनिश्चितता गरिनुका साथै कृषकहरूका लागि प्रविधिमैत्री तालिम, अवलोकन भ्रमण तथा उत्कृष्ट कृषकलाई पुरष्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- उन्नत जातका तरकारीको विउ उत्पादन र त्यसको बजारीकरणलाई प्रोत्साहन गरिनेछ ।
- प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रबर्दन गर्दै प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिने छ । प्राङ्गारिक खेतीका लागि थोपा सिंचाई, प्राङ्गारिक झोल मल, भकारो सुधार जस्ता कार्यक्रममा जोड दिइनेछ ।
- विभिन्न जातका फलफूल, जडीवुटी लगाएत विभिन्न प्रजातीका विरुवा उत्पादन गर्न पालिकास्तरीय नर्सरी स्थापना गरि कृषकहरूको सहज पहुँचको व्यवस्था मिलाइनेछ ।
- वस्ती स्तरमा रहेको बाँझो जग्गालाई पूर्ण रूपले सदुपयोग गर्नका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय किसान महासँघ समूह नेपाल यस पालिकास्तरमा गठन भएको र यससँग सहकारी, कृषक समूहरुलाई आवद्ध गरि साझेदारी र समन्वयमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- माटोको अम्लीयपन हटाई उत्पादन बढाउन माटो उपचार तथा सुधार कार्यक्रम सञ्चालन गरिने छ । माटो र हावापानी सुहाँउदो खेती प्रणालीमा जोड दिई सबै वडामा कृषि, पशुपालन र फलफुल खेतिको लागि पकेट क्षेत्र तोक्ने नीति अवलम्बन गरिने छ ।
- जलवायू परिवर्तनबाट परेका असरहरुलाई कम गर्न विभिन्न गैरसरकारी तथा साझेदार निकायहरुसंगको सहकार्य र सहलगानीमा जलवायू अनुकुलनका कार्यक्रम तय गरी संचालन गरिनेछ । यसका लापा तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सबै वडाहरुमा कम्तिमा एक एक वटा तरकारी संकलन केन्द्र स्थापना गर्ने कार्य अघि बढाइने छ
- नेपालगंज, कोहलपुर, सुर्खेत जस्ता शहरमा हुने मेला महोत्सवमा डुङ्गेश्वरको ताजा तरकारी तथा फलफुल विक्रि प्रवर्द्धनका लागि आफ्नो पहिचान सहितको स्टल राख्ने व्यवस्था मिलाइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको स्थानीय पाठ्यक्रममा व्यवसायीक कृषी विषयलाई समेत समेटेर पाठ्यक्रम निर्माण गरिनेछ ।
- गाउँपालिकालाई अण्डा, मासु र दुध उत्पादनमा आत्मनिर्भर बनाउन कुखुरा पालन, बंगुर पालन, बाख्रा पालन, माछा पालन तथा भैसी पालन व्यवसाय प्रवर्द्धन गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

- व्यक्तिगत, सहकारी तथा सामुहिक साझेदारीमा व्यवसायिक पशुपालन मार्फत दिगो रोजगारी सृजना गर्ने तथा निर्वाहमुखी पद्धतिलाई स्तरउन्नती गरि अर्थोपार्जन तर्फ उन्मुख गराउने नीति लिइनेछ ।
- कृषी तथा पशुपंक्षी शाखा र वडामा कार्यरत कर्मचारीबाट बाह्रैमहिना पशु स्वास्थ्यसंग सम्बन्धित खोजेकै समयमा सेवा उपलब्ध गराउन सकिने गरि औषधि खरिद तथा विउविजन भण्डारण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- पशुस्वास्थ्य सेवा प्रभावकारी बनाउन डिस्पेन्सरी सञ्चालन एवं पशु प्रयोगशाला स्थापना गरी पशु सेवालाई थप प्रभावकारी बनाइने छ । साथै पशुहरूमा लाग्ने संक्रामक रोगहरू विरुद्ध प्रभावकारी खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- साझेदारीमा आधारित बाख्रा, भैसी, बंगुर, कुखुराका श्रोत केन्द्रहरू स्थापना तथा बोयर बाख्रा स्रोतकेन्द्र स्थापना गरी उत्पादनमा प्रोत्साहन गरिनेछ साथै पशुपालनको पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यवसायिक रूपमा पशुपाल गर्न उत्प्रेरित गर्नुका साथै बजारीकरणमा सहज पहुँचका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रविधि हस्तान्तरण, सिप विकासका लागि विभिन्न सिप विकास तालिमहरु एवं सचेतनाका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जुनोटिक रोग नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशु विमा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने छ ।

## २) उद्योग, सहकारी र पर्यटन

- डुङ्गेश्वर गाउँपालिका १ चुप्रामा आद्यौगिक क्षेत्र स्थापना गर्न नेपाल सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ ।
- वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरू अगाडि बढाइनेछ भने पालिकामा रहेका सबै सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने, सहकारीहरुको नियमित अनुगमन गरी कुशल व्यवस्थापनमा जोड दिइनेछ ।
- हरेक किसानलाई सहकारी तथा कृषक समुहमा आवद्ध गराई सहकारी मार्फत कृषी उपजको बजारीकरण गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरुको कार्यक्षमताका आधारमा सहकारीहरुको पूर्वाधार विकासमा आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आय बढाउन राजश्व संकलनका क्षेत्रहरू पहिचान, व्यवस्थापन र विकास गर्ने नीति लिइनेछ ।
- ढाका बुनाई, बाँस तथा चोयाबाट बन्ने सामाग्रीको उत्पादन, ऊनको झोला, जस्ता घरेलु तथा साना उद्योग र परम्परागत उद्योगलाई संरक्षण, प्रोत्साहन र प्रबर्द्धन गर्न लघु उद्यम शाखा र सहकारी शाखा वीचको समन्वयमा आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

- डुङ्गेश्वर गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय प्रवर्द्धनका लागि सम्भाव्यता वोकेका स्थल, वनस्पति उद्यान, डुङ्गेल मन्दिर, कोटाफेरा, मालिका मन्दिर, कुइयाँताल, सातमुल लगायतका विभिन्न क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न कार्यक्रम तय गर्नुका साथै प्रचारप्रसारको अभियानलाई जोड दिईनेछ ।
- वातावरण तथा वन संरक्षण,बृक्षारोपण, जडिबुटि खेती, नमुना उद्यानहरूको विकास गरी पर्यटकहरु आकर्षित गर्ने नीति लिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको वडा नं १ को चुप्रामा, वडा नं २ को कुइयाँताल त्यसैगरी वडा नं ४/५ को कोटाफेरा र जडीमा पिकनिक स्पट निर्माण गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- पर्यटन विकासलाई प्रवर्द्धन गर्न पालिका भित्रका उपयुक्त स्थानमा होम—स्टे सञ्चालन गर्न व्यवसायिहरूलाई प्रोत्साहन गरिनेछ ।

## ख) सामाजिक विकास

### १) स्वास्थ्य तथा आयुर्वेद

### खोप कार्यक्रम

- पुर्ण खोप पालिका घोषणा लाई दिगोपना दिईनेछ र खोप सम्बन्धि सुक्ष्म योजना विश्लेषण गरि घरधुरी सर्वेक्षण गरीनेछ ।
- स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकमा बृद्धि अनुगमनलाई नियमित तथा प्रभावकारी रुपमा रूपमा सञ्चालन गरिनेछ ।
- गर्भवती अवस्थामा स्वस्थ वानी व्यवहार अपनाउनका लागि टोल स्तरमा सचेतना कार्यक्रहरू सञ्चालन गरिनेछ ।
- सुनौलो हजार दिनका आमा तथा बच्चाहरूको कुपोषणको अवस्था प्रत्येक २ महिनामा टोल स्तरमा पुगी लेखाजोखा गरी थप OTC सेन्टर स्थापना गरिनेछ ।
- बालबालिकालाई प्रदान गरिने पोषण भत्तालाई बृद्धि अनुगमन संगसंगै लगिनेछ ।
- समुदायमा आधारित एकिकृत बालरोग व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवद्धि गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरूबाट निःशुल्क परिवार नियोजनको सेवा विस्तार गरिनेछ ।मोमेन्टम लगायतका साझेदार निकायसँगको साझेदारीमा नीजि क्षेत्रबाट प्रदान गरिने परिवार नियोजन सेवालाई पालिकाको DHIS मा आवद्ध गरिनेछ ।
- ANC/PNC सेवालाई बढाउनका लागि आगामी वर्षमा वडा नं. ३ को बाले र ६ को डुङ्गेश्वर बजारमा Birthing Center को स्तरोन्ती गरिने छ ।
- PNC सेवालाई बढाउनका लागि स्वास्थ्यकर्मीहरू द्वारा घरमा पुगी जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।मातृ तथा वाल स्वास्थ्य सेवा समन्वयका लागि “मोवाईल स्वास्थ्य कार्यक्रम” सञ्चालन गरिनेछ ।

- स्वास्थ्य संस्था स्तरमा "आकस्मिक चक्रकोष" स्थापना गरिनेछ ।
- पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन आउँदा नि:शुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ । पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेको अवस्थामा स्वास्थ्य संस्थाको रिफरमा प्रदेश भित्रका जुनसुकै स्वास्थ्य संस्थासम्म पुऱ्याउन एकतर्फी एम्बुलेन्स सेवा नि:शुल्क गरिनेछ ।
- जनघनत्व तथा भुगोलका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका गाउँघर क्लिनिक, खोपकेन्द्र आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा स्तरोन्नती गरिनेछ ।
- विशेषज्ञ सहितको स्वास्थ्य शिविर (आँखा, स्त्री रोग,दन्त रोग) समय समयमा सञ्चालन गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्रका ज्येष्ठ नागरिकहरू तथा अपाङ्गता भएका व्यक्तीहरूलाई आधारभूत तथा नि:शुल्क स्वास्थ्य सेवा नियमित रूपमा घरैमा गई प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकाको उच्च मूल्याङ्कन गर्दै क्षमता अभिवृद्दि, थप व्यवस्थापनका सामग्री र प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ साथै सञ्चार खर्चको व्यवस्था गरिने छ ।

## रोग नियन्त्रण कार्यक्रम

- गाउँपालिका तथा वडास्तरिय द्रुत प्रतिकार्य टोली (RRT) टिम पुर्नगठन गरी प्रभावकारी गराईने छ ।
- मुटुरोग, मधुमेह, मृगौला रोग, दीर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरूको रोकथाम र व्यवस्थापन लागि आवश्यक रणनीति लिइनेछ । यस्ता विरामीहरुलाई नेपाल सरकारले दिदै आएको निर्वाह भत्ता नियमित रुपमा वैक खाता मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गर्भवती महिलाहरुको नियमिति स्वास्थ्य जाँच गर्न डाँडापराजुल स्वास्थ्य चौकी र लाँकुरी स्वास्थ्य चौकीबाट निशुल्क भिडियो एक्सरे सेवा सुचारु गरिनेछ ।

## उपचारात्मक सेवा

- स्वास्थ्य सेवाको सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई २४ सै घण्टा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य संस्था विदाको दिनमा समेत खुला राखी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्यसेवा संग सम्बन्धीत सुचना प्रणालीलाई एकीकृत गरी प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरूलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूसंग आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गर्ने नीति ल्याईनेछ ।
- दश शैयाको अस्पतालको निर्माणको लागि सम्पूर्ण तयारी पुरा गरी आगामी आर्थिक वर्षमा निर्माण कार्य अघि बढाइनेछ ।

<u>स्वास्थ्य क्षेत्र व्यवस्थापन र सुशासन</u>

- न्यूनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थामा खानेपानी, शौचालय बिजुली, इन्टरनेट सेवा, भण्डारण कक्ष, प्रतिक्षालय, वगैचा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाउन नागरीक वडा पत्र, निशुल्क औषधीहरूको सुची, समिति तथा कार्यरत कर्मचारीहरूको फोटो सहितको नामावली, स्वास्थ्य संस्थाहरुको सामाजीक परीक्षण गरीनेछ ।
- स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हनु  सेवाको गुणस्तर सुनिश्चिताको लागि गाउँपालिका स्तरवाट आवश्यक अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था गरी प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरूको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्मेवार वनाइ सेवा सुदृढ गरिनेछ ।
- पालिका स्तरिय मासिक ,चौमासिक ,अर्ध वार्षिक तथा वार्षिक समीक्षा गोष्ठी,पालिकाको वार्षिक प्रतिवेदन तयार गर्ने, स्वास्थ्य संस्थाहरुमा चौमासिक च्म्त्तब् कार्यक्रम लाई प्रभावकारी वनाइनेछ ।
- स्वास्थ्यकर्मीहरूको बार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा बार्षिक रुपमा उत्कृष्ट स्वास्थ्यकर्मी, म.स्वा.स्वं.से.लाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- स्वास्थ्य सेवा दिवस,नर्सिङ दिवस, क्षयरोग दिवस, कुष्टरोग दिवस, एड्स दिवस, सुरक्षित मातृत्व दिवस, महिला स्वास्थ्य स्वंयसेविका दिवस, लगायतका अन्य दिवस मनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- हरेक विद्यालयमा वर्षमा कम्तिमा २ पटक विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।
- आयुर्वेद सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि जनशक्ति विकास औजार उपकरण र पूर्वाधार विकासको उचित व्यवस्थापन गरी डुङ्गेश्वर गाउँपालिकाको केन्द्रबाटै सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य र आयुर्वेद तर्फका कार्यक्रमहरु संयुक्त रुपमा गर्न प्राथमिकता दिईनेछ ।
- गर्भवतीसंग उपाध्यक्ष भेटघाट कार्यक्रमलाई निरन्तरता दिंदै उत्तर प्रसुती सेवामा समेत विशेष ध्यान दिइनेछ ।

## २) खानेपानी, सरसफाई र बजार अनुगमन

- “एक घर एक धारा” नीति अनुसार जलवायु उत्थानशिल खानेपानी योजनाहरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- स्वच्छ र गुणस्तरिय खानेपानी उपलब्ध गराउन पालिका स्तरिय खानेपानी प्रयोगशालालाई थप स्रोत साधन सम्पन्न र व्यवस्थित गर्दै लगिनेछ ।
- लोहरे वात्थला नारायणथान लिफ्टिङ्ग खानेपानी योजनालाई प्राथामिकता साथ अगाडी बढाइनेछ ।
- वडा नं. ४ अन्तर्गतको वडाखोला लिफ्टिङ्ग खानेपानी बहुवर्षीय आयोजनालाई सम्पन्न गर्न पहल गरिनेछ ।

- रकचना खानेपानी योजनालाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।
- राष्ट्रिय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी सूचना व्यवस्थापन निति अनुसार NWASH-MIS सूचना प्रणाली विकास गर्न र जलवायु उत्थानशील खानेपानी योजना तयार गरि जलवायू अनुकुलित संरचना निर्माण पुनस्थापना कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- डुङ्गेश्वर वृहत खानेपानी आयोजना निर्माणका डुङ्गेश्वर गाउँपालिकाको खानेपानी स्वच्छता तथा सरसफाइ योजना (Wash Plan) मा आधारित विस्तृत योजना निर्माण गरिनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख बनाउन सार्बजनिक स्थल, विद्यालयहरूमा खानेपानी तथा सरसफाई र वातावरणीय स्वच्छता लगाएतका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनलाई ध्यान दिदै सबै शिक्षण संस्था, स्वास्थ्य संस्था बजार क्षेत्र र सार्वजनिक क्षेत्रमा फोहोर व्यवस्थापनको प्रबन्ध गरिनेछ ।
- उपभोक्ताहरूको उपभोग्य सामाग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई सयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार ब्यवस्थापन सुधार गर्ने प्रकृयालाई निरन्तरता दिईने छ ।
- डुङ्गेश्वर, चुप्रा, देउली, अवलपराजुल बजार लगायत विभिन्न सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयको निर्माण कार्यको थालनी गरिनेछ ।

## ३) शिक्षा

- समृद्ध डुङ्गेश्वरका लागि डुङ्गेश्वरवासीलाई स्वावलम्बी, सिपमुलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्प्रधी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासका लागि योगदान गर्न डुङ्गेश्वर गाउँपालिकाको शिक्षाको दिर्घकालीन सोच सहित शिक्षा नीति तयार गरिनेछ । सो नीति बनाउनु पूर्व पालिकाको समग्र शैक्षिक तथ्याङ्क समावेश गरी शैक्षिक पाश्चचित्र तयार गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको आफ्नै पहिचान सहितको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- प्रत्येक सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुसारको फर्निचर, खानेपानी, शौचालय, घेराबार, रङरोगन लगायतका पुर्वाधार निर्माण तथा मर्मतका लागि विद्यालय भौतिक पुर्वाधार सुदृढीकरण अभियान सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षाको अभिन्न अंग प्रारम्भिक बाल बिकास कक्षाहरूमा न्युनतम मापदण्ड निर्धारण गरी सुरक्षित बसाई व्यवस्थापन र सरसफाईलाई ध्यान दिदै खेल सामाग्री, सिकाई समाग्री, मनोरञ्जन सामाग्री, अडियो भिडियो सामाग्री सहित आकर्षक, मनोरञ्जन र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक विद्यालयहरूमा कार्यरत सबै शिक्षक, कर्मचारी तथा सहजकर्ताहरूलाई पेशागत क्षमता विकासका लागि आवश्यक तालिम प्रशिक्षण तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षामा सिकाइ वातावरणलाई आधुनिक विधि र प्रविधिसँग जोड्दै पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियाका लागि विद्यालयहरूमा सन्दर्भ सामाग्री, प्रयोगात्मक सामाग्री सहितको प्रयोगशाला, स्तरीय पुस्तकालय, सिकाइ कर्नर लगायतका स्रोत र साधनहरूको व्यवस्था गरिनेछ ।

- बालविवाह, जातीय छुवाछुत, लागू औषध नियन्त्रण तथा किशोरी शिक्षाका लागि प्रत्येक आधारभूत र माध्यमिक विद्यालयबाट ३ जना छात्राहरु छनोट गरी उनिहरुलाई जिल्ला प्रहरी कार्यालय लगायतका कार्यालयहरुको सहकार्यमा तालिम दिई उनिहरु मार्फत नै विद्यालय स्तरमा विदाको दिन कक्षा संचालन गर्ने कार्यको शुरुवात गरिनेछ ।
- विद्यालयको योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित र नतिजामुखी बनाउन विद्यालय सुधार योजना निर्माणमा सरोकारवालाहरूको सहभागितालाई अनिवार्य बनाइनेछ ।
- बालबालिकाहरूमा सामाजिक, मानसिक र शारिरीक कारणले गर्दा हुने समस्याहरूको समाधान गर्न विज्ञ मनोचिकित्सकहरू मार्फत विद्यार्थी मनोपरामर्श तथा सचेतना सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूको शैक्षिक उपलब्धी मूल्याङ्कन गरी वार्षिक रूपमा उत्कृष्ट विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक, उत्कृष्ट छात्र र उत्कृष्ट छात्रालाई पुरस्कृत गर्नेे कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा, सिप र कलालाई प्रोत्साहन गरि उनिहरुको क्षमता प्रदर्शनीको लागि तहगत रूपमा पालिका स्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधारमा अभिभावकको भूमिकालाई प्रभावकारी बनाउन शिक्षा शाखाको समन्वयमा प्रत्येक विद्यालयमा अभिभावक शिक्षा तथा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अनुभव आदान प्रदान तथा नमुना अभ्यासका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय निरिक्षण अनुगमन र मूल्याङ्कन प्रक्रियालाई नियमित र प्रभावकारी बनाउन जनप्रतिनिधि, शिक्षा समिति, विषय विज्ञ समिति, प्रधानाध्यापक लगायत सरोकारवालाहरूको सहभागितामा अनुगमनको व्यवस्था गरिनेछ ।
- पालिका भित्रका सम्पूर्ण विद्यालयहरूको परीक्षा सञ्चालन तथा मूल्याङ्कन प्रणालीमा एकरूपता ल्याउन एकिकृत परीक्षा सञ्चालन कार्यविधी तर्जुमा गरि लागू गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरूहरुलाई वडा कार्यालयमा गाभी वडा कार्यलयबाट नै सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- पालिकाभित्रको समग्र शैक्षिक गतिविधिहरू बारे जानकारी दिन तथा आवश्यक सुधारका लागि राय सल्लाह र सुझाव लिन सम्पूर्ण सरोकारवालाहरूको उपस्थितिमा वर्षमा दुईपटक शैक्षिक वहस तथा समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका अनाथ बालबालिकाहरुको लगत संकलन गरी शिक्षाबाट कोही पनि वञ्चित नहुने गरी त्यस्ता बालबालिकाको अभिभावकत्व गाउँपालिकाले लिने गरी "हामी अभिभावक" कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

- प्रत्येक विद्यालयको जिन्सी निरिक्षण तथा आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाई विद्यालयमा आर्थिक अनुशासन कायम गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर र व्यवस्थापन कुशलता अभिवृद्धि गर्न सबै विद्यालयहरुमा प्र.अ. व्यवस्थापन गरिनेछ । यसरी प्रधानाध्यापक व्यवस्थापन गर्दा सबै प्रधानाध्यापकहरूलाई ५ वर्षे शैक्षिक कार्ययोजना निर्माण गर्न लगाई अनिवार्य रूपमा कार्यसम्पादन सम्झौता गरिनेछ ।
- पालिकाभित्रका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान पुनरावलोकन र विद्यालय समायोजन तथा कक्षा मिलानको नीति लिइनेछ ।
- विधार्थीहरूमा नैतिक, चारित्रिक, सामाजिक तथा राष्ट्र प्रेमको भावना विकास गर्न सबै विद्यालयहरूमा सरस्वति पुजा, गुरुपूर्णिमा, वाल दिवस र शिक्षा दिवस लगायतका दिवसहरू अनिवार्य रुपमा मनाउने व्यवस्था मिलाईनेछ ।
- कोटदेवल क्याम्पस र कृषि क्याम्पसको शैक्षिक स्तरोन्नतीका लागि सरोकारवालासँग छलफल गरी आवश्यक कार्य प्रारम्भ गरिनेछ।
- विद्यालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका भित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत कमजोर सिकाइ क्षमता भएका विद्यार्थीहरूका लागि प्रत्येक विद्यालयमा उपचारात्मक कक्षा सञ्चालन गरिनेछ ।
- भौगोलिक अवस्थाले टाढा भएका साना बालबालिकालाई आवश्यकता अनुसार प्रारम्भिक बालविकास कक्षाको व्यवस्था मिलाईनेछ ।दुईवटा बालविकास केन्द्र भएका विद्यालयहरुबाट विद्यार्थी संख्याका आधारमा एक एक वटा बाल विकास केन्द्र खारेज गरिनेछ ।
- बालबिकास केन्द्रका विद्यार्थीहरुको बसाइ व्यवस्थापन तथा प्रभावकारी सिकाइ उपलब्धि हाँसिल गर्न सबै वालविकास केन्द्रमा आवश्यकता अनुसार भौतिक पूर्वाधार तथा सिकाई सामाग्री निर्माण कार्य अघि बढाइनेछ ।
- शिक्षक लगायत अन्य कर्मचारीहरूलाई राजनीतिक दलका क्रियाकलापहरूमा सक्रिय रूपमा संलग्न हुनवाट निषेध गरिनेछ ।

### ४) युवा, खेलकुद तथा रोजगारी

- पालिकाको युवा नीति तर्जुमा गरी लागू गरिनेछ ।
- पालिका तथा वडा स्तरमा क्रियाशील युवाक्लव तथा समूहहरूलाई लागूपदार्थ दुर्व्यसनी, धुम्रपान, मद्यपान, वालविवाह लगायतका सामाजिक कुरीति नियन्त्रण लगायतका कार्यहरूमा परिचालन गरिनेछ । क्लवहरूलाई खेलकुद लागि आवश्यक सामाग्री वितरण गरिनेछ ।
- बालबालिकाको खेल कौशलको विकासका लागि राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगितालाइ प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- विकास निर्माण र सामाजिक परिवर्तनमा युवा परिचालन गरिनेछ ।
- सामाजिक जागरणको लागि युवा सशक्तिकरण अभियान सञ्चालन गरिनेछ ।

- पालिका भित्रका क्षमतावान खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।
- पालिका स्तरिय खेलकुद विकास समितिको पुन गठन गरि प्रभावकारी बनाइनेछ।
- खेलकुद पूर्वाधार विकासतर्फ डुङ्गेश्वर १ त्रिवेणी संगम मा वि को खेल मैदानलाई पालिकास्तरीय मिनि रङ्गशालामा स्तरोन्तीका लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिको नवनिर्मित भवनसँगै कभर्ड हलको निर्माण, गाउँपालिका स्तरमा एउटा र हरेक वडामा वडा स्तरिय खेलकुद मैदान निर्माण गर्न कर्णाली प्रदेश सरकार तथा नेपाल सरकारसंग पहल गरिनेछ।
- युवाहरूको क्षमता विकासका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारीमा नमूना युवा संसद अभ्यास कार्यक्रम संचालन गरिनेछ ।
- युवाहरूलाई सरकारी सेवाको पहुँचमा उत्प्रेरित तथा सहयोग गर्न विभिन्न लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा विभिन्न संगठित संघ संस्थाका लागि निशुल्क रुपमा तयारी कक्षाहरु संचालन गरिनेछ ।
- यस स्थानीय तह भित्र रहेका विभिन्न रोजगारीका अवसरवाट वञ्चित वेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली मा सुचिकृत गराईनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवद्र्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी वेरोजगार व्यक्तिलाई CTEVT लगायतका तालिम प्रदायक संस्थाहरुसँग समन्वय गरी तालिमको व्यवस्था गरिने नीति लिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री तथा औजारहरू आयोजनामा खटिने श्रमिकहरुको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाइनेछ ।

### ५) लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

- पालिकाले निर्माण तथा संशोधन गर्ने सबै ऐन, कानून र नीतिहरूलाई महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठ नागरिक, दलित, लोपउन्मुख, सिमान्तकृत, आदिवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री बनाइनेछ।
- मानव संसाधन विकास गरी महिला तथा विपन्न लक्षित बर्गहरूको क्षमता विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न "गर्भवती महिलासंग उपाध्यक्ष भेटघाट" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- हरेक वर्ष लै.स.सा.स. परीक्षण गरी त्यसले यस पालिकामा औंल्याएका कमी कमजोरीहरूलाई अर्को बर्षको कार्यक्रममा पहुँच अभिबृद्धि गर्दै लगिनेछ ।
- ५५ वर्षका एमल पुरुष र अदालतबाट सम्बन्ध विच्छेद भएका तथा ४० वर्ष माथिका एकल महिलाहरुलाई दोहोरो नपर्ने गरि मासिक एकल भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- डुङ्गश्वर गाउँपालिका र मातहतका सबै कार्यालयहरुमा अपाङ्गमैत्री हेल्पडेस्कको प्रभावकारी संचालन गरिनेछ । यसका साथै सबै कार्यालयहरुमा स्तनपान कक्षको निर्माण गर्दै लगिनेछ ।
- लक्षित वर्ग तथा समुदायका व्यक्तिहरूको हकहित संरक्षण तथा अधिकार सुनिश्चिताका लागि बिशेष कल्याणकारी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाको सामाजिक, आर्थिक विकासका लागि महिलाहरुको सिप र क्षमतामा विकास गरि वडा र पालिकास्तरमा महिला सञ्जालको गठन गरिनेछ । साथै महिला समुह, आमा समुहलाई आधिकारिक रूपमा पालिकामा दर्ता गरी प्रमाणपत्र वितरण गरिनेछ ।
- महिला पुरुषको सम–विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- समाजमा विद्यमान विकृति, विसङ्गती र लैङ्गिक हिँसा रोकथाम तथा नियन्त्रण गर्न महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको क्षमता वृद्धि गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला सहकारी संस्थाहरुका लागि लेखा व्यवस्थापन तालिम तथा प्रविधि सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकालाई "बालबिबाह बालश्रम तथा छुवाछुत लगायतका अन्धविश्वास मुक्त गाउँपालिका" घोषणा गर्न अभियानका साथ कार्यक्रम सञ्चालन गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी वडा स्तरवाटै परिचय–पत्र वितरण गर्न शिविर सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिहरुलाई निजहरुको आवश्यकता अनुसारका अपाङ्गता सहायक सामग्रीहरु निःशुल्क रुपमा वितरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका नागरिकहरुको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ ।
- सबै वडा र पालिकामा विद्यालय र समुदायमा आधारित बालक्लव तथा सञ्जाल गठन गरि परिचालन गरिनेछ ।
- पालिकाभित्र सरकारी, गैरसरकारी र नीजि क्षेत्रवाट बन्ने सार्वजनीक भौतिक संरचनाहरूको निर्माण र सेवा प्रवाहलाई लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री ढाँचामा निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- जनजातिहरूको उत्थानका लागि उनीहरूको परम्परागत संस्कृति जस्ता विषयहरूको सम्बद्र्धन, प्रर्वद्धन र संरक्षणमा जोड दिंदै लगिनेछ ।
- जेष्ठ नागरिक सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ भने जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभवको हस्तान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- गाउँपालिकावाट सञ्चालन हुने "वहुक्षेत्रीय पोषण कार्यक्रम" र "गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम" लाई दलित, जनजाति, अपांगता, महिला जस्ता लक्षित वर्ग केन्द्रित गरिनेछ ।
- यस गाउँपालिका भित्रका अति विपन्न र असक्त व्यक्तिहरूको लागि गाउँपालिकावाट कल्याणकारी कोष स्थापना गरि स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।
- वालविबाह, बहुविवाह, धुम्रपान, मध्यपान लागूपदार्थ दुव्र्यसनी, घरेलु तथा महिला हिंसा लगायतका कार्यहरुलाई निरुत्साहित गर्न सडक नाटक जस्ता जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### ६) कला तथा संस्कृती प्रवर्धनः

- साँस्कृतिक प्रतियोगिता आयोजना गरि प्रतिभा पहिचान गर्ने र मगर समुदायको संस्कृति संरक्षणमा जोड दिईने छ ।

- स्थानीय मौलिक संस्कृतिको रूपमा परिचित नौमति बाजा, सोरठी नाच, पञ्चे बाजा,पैसरी,बालाधमारी,देउडा,देउसी,भैलो,सिंगारु,लाखे नाच आदिको संरक्षणका लागि तालिम तथा आवश्यक सामाग्री व्यवस्थापनमा सहयोग गरिनेछ ।
- संस्कृतिसँग सम्बन्धित बस्तुको विक्रिवितरण गर्न एक पाहुना घरको स्थापना गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्र वसोवास गर्ने सवै जातजाती, धार्मिक समुदायहरु बीच रहेको परम्परागत कला, संस्कृती, भेषभुषा, मातृभाषा आदि लाई पालिकाकै शोभाको रूपमा लिई संरक्षण तथा जगेर्ना गर्ने कार्य गरिने छ ।
- कला तथा संस्कृतिसंग जोडिएका विषयहरूको विकासको लागि क्रियाशिल युवा क्लव तथा अन्य संघ संस्था, समूहहरूलाई आवश्यक सामाग्रीहरु उपलव्ध गराउने र सहकार्यमा जोड दिईने छ ।
- सबै भाषाभाषि र धर्मालम्वीको आत्म सम्मान हुने गरि विभिन्न आस्थाको धरोहर निर्माण तथा सञ्चालनका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

**ग) भौतिक पूर्वाधार विकासः**

- आगामी आवको शुरुदेखी नै गाउँपालिकाको प्रशासकीय भवनबाट सेवा प्रवाह सुरु गरिनेछ ।
- गाउँपालिका लगायत मुख्यबजारमा निर्माण गरिने भवनहरूलाई भवन मापदण्डअनुरुप निर्माण गर्ने गराउने र एकिकृत बस्ती विकासको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको मुख्य बजार क्षेत्र तथा दैलेख सदरमुकामको प्रवेशद्वारको रुपमा रहेको डुङ्गेश्वर र चुप्रा बजार खण्डको लगत कट्टा गरि मापदण्ड अनुसारको सडक निर्माण गर्न सडक विभाग लगायत सरोकारवाला निकायहरुसँग छलफल गरि कार्य अगाडि बढाइनेछ ।
- डुङ्गेश्वर बजारदेखि गाउँपालिकाको प्रशासकीय भवन र पालिकास्तरको अस्पतालसम्म जोडने सडकलाई कालोपत्र गरिनेछ ।
- जडी-कल्सेढुङ्गा र जडी-राम्री- कल्सेढुङ्गा बाले सडक खण्डलाई पूरा गर्न पहल गरिनेछ ।
- डाँडापराजुलको भैरबथान- औल- पैयाँचौर हुदैं देउली जोडने सडकको स्तरउन्नति गरिनेछ ।
- भवन निर्माण कार्यमा संलग्न कालिगढहरूलाई सुरक्षित भवन निर्माण सम्बन्धी तालिमको व्यवस्था मिलाउनको लागि आवश्यक पहल गरिनेछ ।
- घर निर्माणमा नक्सा पास गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- सिंचाई कूलो संरक्षण गर्ने नीतिलाई आत्मसाथ गरिने छ भने आकाशे पानी संकलन गरी सिंचाई प्रयोजनमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- सिंचाई क्षेत्रका साना, मझौला र वृहत सिंचाई योजनाहरुको वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।
- सडक तथा अन्य पूर्वाधार गाउँपालिका अन्तर्गत सञ्चालन हुने ठुला आयोजनाहरू सञ्चालन गर्न विस्तृत परियोजना प्रतिवेदन र वातावारणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरी सोही आधारमा सञ्चालन गरिने छ । ठूला आयोजना सञ्चालनको लागि संघ र प्रदेश सरकार र अन्य साझेदारहरुसंग निरन्तर पहल गरिने छ ।

- जतातते सडकको ट्र्याक खोल्ने तथा सडकको स्तरउन्नति गर्ने बेलामा वातावरण विनास गर्ने कार्यलाई निरुत्साहित गर्न गाउँपालिकाको “यातायात गुरु योजना” कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र स्थानीय जनताको लागत सहभागिता रहने पूर्वाधार निर्माणका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- निर्माण भएका सडकहरूलाई बाह्रै महिना चलायमान गराउनका लागि सडक स्तरोन्नती कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- थोरै घर धुरी भएका र विद्युतको लाइन तत्काल पुर्‍याउन नसकिने ठाउँहरुमा वैकल्पिक उर्जा जडान गरिने छ ।
- गाउँपालिकाका मुख्य बजार क्षेत्रहरुमा सौर्यवत्ति जडान कार्य थालनी गरिने छ ।
- सुधारीएको चुल्हो प्रवर्द्धन कार्यलाई वढावा दिन साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।
- गत विगतका आर्थिक वर्षहरुमा कार्य सम्पन्न हुन नसकेका योजनाहरुलाई निर्माण व्यवसायी र सम्बद्ध पक्षहरुवीच आवश्यक छलफल गरी कानून बमोजिम प्रकृया अगाडि बढाइनेछ ।

### घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

- वन तथा वातावरण जोगाउनको लागि डुङ्गेश्वर गाउँपालिका भित्र रहेका सामुदायिक वन, निजी वन तथा सरकारी वनमा उत्पादन तथा रोजगारिसँग प्रत्यक्ष संलग्न हुने खालका बोट विरुवा लगाउने र गाउँपालिका भित्रका सडकको छेउमा विरुवा रोपी प्राकृतिक सुन्दरता बढाईने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गरिनेछ ।
- सामुदायीक वनमा औषधीय गुण भएका वनस्पतिका विरुवा उत्पादन, वितरण र खेती विस्तारमा जोड दिइने छ ।
- विपद जोखिम न्यूनीकरण तथा क्षतिपूर्ति योजना तयार गरी लागू गरिनुका साथै विपद जोखिम सम्बन्धमा नागरिकलाई सु—सुचित गर्ने विभिन्न कार्यक्रम संन्चालन गरिनेछ ।
- विपद्व्य व्यवस्थापन कोषमा इच्छुक सर्वसाधारणको समेत योगदानलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- वातावरणीय संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगलाई निरुत्साहन गर्दै विस्तारै प्लाष्टिकमुक्त गाउँपालिका बनाउने नीति लिइनेछ भने कुहिने र नकुहिने फोहरलाई वर्गीकरण गरी सो को उचित व्यवस्थापन गरिनेछ ।
- सबै वडाहरुमा टोल विकास संस्था गठन र दर्ता गरि **“आफ्नो टोल आफै बनाउँ”** अभियानलाई अवलम्बन गरिनेछ । टोल विकास संस्था र उपभोक्ता समितिहरुको दर्ता प्रक्रिया वडा स्तरमै गरिने तथा उनीहरुलाई विधान निर्माण कार्यमा गाउँपालिकाले सहयोग गरी प्रमाणपत्र समेत वितरण गरिनेछ ।उपभोक्ता समिति मार्फत साझेदारीमा विकास निर्माण आयोजना सञ्चालन गर्ने नीतिलाई व्यवस्थित गरि दर्तावाला टोल विकास संस्था र दर्तावाला उपभोक्ता समितिबाट मात्र योजना कार्यान्वन गरिनुका साथै सम्पन्न भएका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।

- विपद प्रतिकार्यका लागि स्थानीय व्यापारी, उद्योग वाणिज्य संघ, नेपाल आर्मी, शसस्त्र प्रहरी जनपद संगको सहकार्यमा विपद प्रतिकार्य टिमको गठन गरि उक्त टिमलाई साधन, प्रविधि र सिपमुलक जनशक्ति बनाइनेछ साथै विज्ञ टोली ल्याई प्रत्येक वडामा विपद् सम्बन्धी पूर्व तयारी, अल्पिकरण, प्रतिकार्य र पुनःस्थापनाका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

## ङ) सुशासन तथा संस्थागत विकासः

- सुशासन तथा प्रशासन शाखालाई समय अनुकुल चुस्त, सक्षम र समयानुकुल प्रभावकारी बनाउन कर्मचारीहरूको दक्षता अभिबृद्धि गरि अन्तरनिहित क्षमताको भरपुर प्रयोग गरिनेछ । कानूनको शासन, पारदर्शितालाई मध्यनजर गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्नो काम र जिम्मेवारी प्रति जवाफदेही र पारदर्शि बनाइनेछ ।
- पालिकाको सम्पूर्ण कर्मचारीहरूको दरवन्दीको वैज्ञानिक रुपले उचित व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ साथै कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन प्रक्रियालाई सूचकमा आधारित बनाई उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकालाई कार्यक्षेत्र बनाई विभिन्न क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको अभिलेखिकरण गरि साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस पालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढिकरण गर्दै प्रभावकारी बनाइनेछ।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनका लागि सार्वजनिक उत्तरदायित्वका औजारहरु (जनतासँग जनप्रतिनिधि भेटघाट,सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण) लाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गराई गाउँपालिकालाई समृद्ध बनाउन राजश्व परामर्श समिति मार्फत आन्तरिक आय तथा राजश्व संकलनलाई व्यवस्थित रुपमा संचालन गर्न SUTRA Module बाटै राजश्व संकलन कार्यलाई व्यवस्थित गरिनेछ ।
- आगामी वर्षमा यस पालिकाको पन्चवर्षे आवधिक योजना तर्जुमा गरिनेछ । साथै आगामी आ.व. को बजेट संगै मध्यमकालिन खर्च संरचना तयार गरिनेछ ।
- वडास्तरमा सञ्चालन हुने योजनाहरुको वडास्तरमै घुम्ती शिविर मार्फत सम्झौता गरिनेछ ।
- आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।
- आयोजनाको प्रकृति हेरी टुक्रे आयोजना भन्दा ठूला आयोजनालाई प्राथमिकता दिने तथा अति आवश्यक र साना टुक्रे योजनाहरुलाई अध्यक्ष कोषमार्फत सम्बोधन गर्ने नीति लिइनेछ । संभव भएसम्म ई—विडिङ मार्फत आयोजना सञ्चालन गर्ने र घटिघटाउबाट हुने बचत रकम सोही आयोजनाको थप अन्य कार्यमा खर्च गर्ने नीति लिइनेछ ।
- योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसंग आवद्ध गर्नका लागि आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरी संकलित तथ्याङ्कहरुको अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिनेछ ।

- गाउँपालिकामा हालसम्म निर्मित सम्पूर्ण ऐन, नियम, कार्यविधी र मापदण्डहरुको औचित्यताको आधारमा समयानुकुल संशोधन तथा परिमार्जन गरिनेछ ।
- यस पालिका अन्तर्गतका सम्पूर्ण विषयगत शाखाहरुको प्रगति समीक्षा कार्यक्रम मासिक रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।
- अस्थायी करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधामा तह अनुरुप एकरुपता ल्याईनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय र सवै वडाहरुमा सुझाव पेटिका, गुनासो सुनुवाई पुस्तिका, अडियो भिडियो सहितका नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई सुशासनको प्रत्याभूति दिलाउन प्रयास गरिनेछ ।
- गाउँपालिकावाट वर्ष भरी भए गरेको काम कारबाहीको मूल्याङ्कनको लागि तथा कार्यक्रमहरूको सुधारात्मक पक्ष, गल्ती व्यवस्थापन आदि समेतको लागि निर्दिष्ट ढाँचा तयार गरि हरेक वर्ष वडास्तरवाट समेत नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने कार्य प्रारम्भ गरिनेछ ।

### च) सूचना तथा सञ्चार प्रविधिः

- पालिका अन्तरगतका जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी कार्यालयहरुबाट हुने सेवालाई छिटो छरितो र भरपर्दो बनाइनेछ । साथै गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुलाई क्रमश डिजिटाइजेसन गर्दै लगिनेछ ।
- पालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा स्थापना भएका ICT ल्याबहरु सञ्चालनका लागि सोहि विद्यालयमा कार्यरत जनशक्तिलाई आवश्यक तालिम प्रदान गरिनेछ।
- गाउँपालिकाको मुख्य क्षेत्रहरुमा सिसि क्यामराको जडान कार्य अघि बढाइनेछ ।
- स्थानीय सञ्चारकर्मी, सञ्चारगृहको संस्थागत विकास एवम् क्षमता विकासको लागि आपसी समन्वय र सहकार्य गरिनेछ ।
- सञ्चार सेवालाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एनसेल प्रा.लि.सँग समन्वय गरि थप स्थानमा प्रशारण टावर राख्न पहल गरिनेछ ।
- सामाजिक संजालको बढ्दो प्रयोग सँगै हुन सक्ने असुरक्षा तथा साइवर अपराध सम्बन्धी सचेतना तथा साइबर सुरक्षा कार्यक्रम सञ्चालन गरी नागरीकहरूलाई यसको सहि प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।
- पारदर्शिता, जवाफदेहिता र सुशासनलाई मध्यनजर गर्दै आम नागरिकको भावनालाई ध्यानमा राखि सहज रूपले सूचना प्राप्त गर्ने वातावरणको सिर्जना गरिनेछ ।
- पालिकाबाट नियमानुसार प्रकाशन गर्न मिल्ने मासिक, त्रैमासिक र वार्षिक सूचनाहरू नियमित प्रकाशन गरिनेछ ।
- पालिकाबाट पारित भएका ऐन, नियम, नियमावली, कार्यविधि र मापदण्डहरूलाई यथाशक्य छिटो स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।
- गाउँपालिकाको डिजिटल प्रोफाईल, डिजिटल नागरिक वडापत्र, पालिकाको भौगालिक नक्सांकन प्रणालीलाई डिजिटल प्रविधिमा जोडिनेछ ।

## न्याय, शान्ति सुरक्षा र सार्वजनिक सम्पत्ति संरक्षण

- न्यायीक समिति र इजलास कक्षको उचित व्यवस्थापन गरिनेछ ।
- न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरि गाउँगाउँमै मेलमिलाप कर्ताको विकास गरि शान्ति तथा अमनचयनको वातावरण तयार गरिनेछ ।
- सुशासन प्रवद्र्धन र गाउँपालिकाका निर्णयहरुको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रहरी भर्ना गरिनेछ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो तर्फ सवैलाइ सचेत पार्दै लगिने छ भने गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तिको अभिलेखीकरण गरी त्यसको संरक्षण गरिने छ ।
- गाउँपालिका भित्र शान्ति र अमनचयनको वातावरण सृजना गर्न नेपाल प्रहरी लगायतका सुरक्षा निकायसँग प्रभावकारी रूपमा सहकार्य गरिनेछ ।
- गाउँपालिकाको जिन्सी अभिलेखमा रहेका सामानहरूको सुरक्षित भण्डारण तथा लिलाम गर्नुपर्ने जस्ता पुराना जिन्सी सामानको उचित भण्डारण गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यालयका ठुला साना सबै सवारी साधनहरु सञ्चालन तथा नियन्त्रण गर्नका लागि सवारी साधनहरूको संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि निर्माण गरि लागू गरिनेछ ।
- सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार एकिकृत वार्षिक खरिद योजना बनाई जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरू लगायत अन्य कार्यालयहरुको वार्षीक जिन्सी निरिक्षण समितिवाट पेश गरिएको प्रतिवेदनका आधारमा आवश्यक काम कारवाही गरिने छ ।

## च) राजस्व परिचालन तथा वित्तिय व्यवस्थापनः

- एकिकृत सम्पति कर लागू गर्न आवश्यक तयारी गरिनेछ ।
- करको संभावित नयाँ क्षेत्रको पहिचान गरि सबै व्यक्ति र संस्थालाई करको दायरामा ल्याईनेछ ।
- गाउँपालिकास्तरका उत्कृष्ट करदाताहरुलाई सम्मान गरिनेछ ।
- करदाताहरूको अभिलेख प्रविधिमा आधारित वनाईने छ ।
- वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाइनेछ ।
- आर्थिक क्रियाकलापहरुको निश्चित समयमा गांउपालिकाको वेभसाइट वा सूचना पाटीमा सार्वजनिक गरीने छ ।
- प्रचलित कानून वमोजिम लेखा प्रणालीलाई दुरुस्त राखिने छ र सम्पन्न आयोजनाहरुको कार्यमूलक लेखापरीक्षण गरीनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत सम्बन्धित वडाहरुबाट वितरण गरिने व्यवस्था मिलाइनेछ ।

- समपूरक कोष, सडक मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष जस्ता आवश्यक कोषहरूको स्थापना र व्यवस्थान गरिनेछ ।

**गाउँसभाका सदस्यहरू,**

प्रस्तुत नीति तथा कार्यक्रममा सहयोग पुऱ्याउने स्थानीय राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमासमितिका संयोजक तथा गाउँपालिकाको उपाध्यक्ष ज्यू, तथा समितिका सदस्यज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सबै विषयगत समितिका संयोजक तथा सदस्यहरु, तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु। यस वर्षका नीति तथा कार्यक्रम तर्जुमाको क्रममा आ—आफ्नो तर्फबाट हामीलाई पत्राचार, इमेल तथा फोन लगायत विभिन्न माध्ययमबाट सुझाब दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री,निजी क्षेत्रका संघ संगठनहरू, नागरिक समाज तथा सामुदायिक संघ संगठनहरू, पत्रकार र गाउँपालिका वासीतथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदी बहिनी, दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । त्यसैगरी यो नीति तथा कार्यक्रम निर्माणको क्रममा निरन्तर रुपमा खटेर सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। संविधानको भाग१७, १८ र १९ तथा अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको सरकारको नीति नियम बनाउने, योजना तर्जुमा एवं बजेट व्यवस्था गर्ने जिम्मेवारी हामी स्थानीय तहको सरकारलाई रहेकोछ । संविधानले निर्दिष्ट गरे अनुरुपको कार्य गर्ने हाम्रो दायित्व हो । सम्पूर्ण डुङ्गेश्वर गाउँपालिका बासीमा सुशासनको प्रत्याभूति गराउने, विकास र समृद्धिको लागि योजनाबद्व ढंगले अगाडी बढ्दै नमूना र समृद्व डुङ्गेश्वर गाउँपालिका बनाउने मेरो दृढ संकल्प र अठोट रहेको छ ।

धन्यवाद !

सुन्दर कुमार के सी

गाउँपालिका अध्यक्ष

डुङ्गेश्वर गाउँपालिका, दैलेख ।